# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

## १. वैधानिक सभा :

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/०३/२५ गते बसेको संचालक समितिको २०४ औं वैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७४, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली वमोजिंम संस्थाको विशेष साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय वमोजिंमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** :- २०७७/०४/१० गते शनिवार (तदनुसार २५ जुलाई २०२०)

**समय** :- विहान ११.०० बजे

**स्थान** :- सि.डब्लु. रेष्ट्रो एण्ड क्याफे कमलादी, काठमाण्डौ ।

## २. उपस्थिति

**क) संचालकहरुको उपस्थिति :**

| क्र.सं. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह | २१७६१ |
| २ | श्री होम कान्त चौलागाई | संचालक | संस्थापक समुह | २६९२० |
| ३ | श्री राम बाबु सिलवाल | संचालक | संस्थापक समुह | १८०९२ |
| ४ | श्री रामचन्द्र वन्जाडे | संचालक | सर्वसाधारण समुह | २०३९४ |
| ५ | श्री भूपति राज पाण्डे | संचालक | सर्वसाधारण समुह | ९३९५ |
| ६ | श्री गोकुल न्यौपाने | संचालक | सर्वसाधारण समुह | १५२६ |
| ७ | श्री विजया वस्नेत क्षेत्री | स्वतन्त्र संचालक | स्वतन्त्र समुह | - |

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री उदय राज खतिवडा | पूर्व प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री त्रिविक्रम पाण्डे | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री रोशन सुवेदी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री सागर राज जोशी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री प्रकाश पन्त | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री प्रदित कुमार रेग्मी | अध्यक्ष | सजिलो लघुवित्त वित्तीय संस्था लि |
| ७ | श्री विमल पाण्डे | संचालक | गरिमा विकास बैंक |

| | | | |
|---|---|---|---|
| ८. | श्री कृष्ण हरि खत्री | संचालक | सजिलो लघुवित्त वित्तीय संस्था लि |
| ९. | श्री तुलसी प्रसाद बराल | संचलक | रिलायबल फाईनान्स लि. |
| १०. | श्री विश्व राज नेपाल | संचालक | कालीका लघुवित्त वित्तीय संस्था लि |
| ११. | श्री कमल प्रसाद नेपाल | प्रमुख व्यवसाय तथा संचालन अधिकृत | प्रतिनिधि, एनएमबी क्यापीटल लि. , नागपोखरी |
| १२. | श्री दिपक निधी तिवारी | नायव महाप्रबन्धक | छिमेक लघुवित्त वित्तीय संस्था लि. |
| १३. | श्री दान राज पन्त | का.मु. प्रमुख कार्यकारी अधिकृत | प्रतिनिधि, फर्स्ट माइक्रोफाईनान्स डेभलपमेण्ट बैंक लि. |

**ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :**

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री समिर राज जोशी | नायव कार्यकारी प्रमुख | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री मधुसुदन अधिकारी | सहायक प्रबन्धक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री मधुसुदन पन्त | बरिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री सरोज पौडेल | अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री श्रीराम रोक्का | अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ७ | श्री राजु ठकुरी | सहायक अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ८ | श्री गोपाल राज विष्ट | सहायक प्रबन्धक, सदस्य सचिव | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |

३. **सभाको वैधानिकता :**

**क) सभाको वारेमा सार्वजनिक सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) वमोजिंम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०७७/०३/२६ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७७/०३/२७ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा दोश्रो पटक सूचना प्रकाशित गरिएको थियो । मिति २०७६/०३/०४ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई सभाको सुचना तथा प्रोक्सी फारमहरु यस संस्थाले सार्वजनीक गरी सकिएको ब्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७७ श्रावण ०४ मा कायम शेयरधनीहरुहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | १०० | १७,४२,२२१.८१ | |
| २ | सर्वसाधारण शेयरधनीहरु | ४,२८७ | १६,७३,८९९.३९ | |
| | जम्मा | ४,३१२ | ३४,१६,१२१.२० | |

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिंम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको संख्या) देहाय वमोजिंम रहेको ब्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट अवगत भयो । उपस्थित शेयरधनीहरुले उपरोक्त ब्यहोरा जानकारी लिंदै सभा कानुन बमोजिंम बोलाईएको हुंदा पूर्वसुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| विक्री भएको कुल शेयर संख्या | शेयर संख्या ( संस्थापक समूह) | शेयर संख्या ( सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३४,१६,१२१.२ | १७,४२,२२१.८१ | १६,७३,८९९..३९ | ७७ | २५४ | १८,३९,०६७ | ५३.८३ |

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो रिपोर्टमा उल्लेख गरिए वमोजिंम यस विशेष साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

१. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने संम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि मूल्यांकनकर्ताबाट चल-अचल सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी प्राप्त प्रतिवेदन (Due Dilligence Audit-DDA) को आधारमा र दुवै संस्थाको संचालक समितिको आपसी समझदारीको आधारमा संयुक्त प्राप्ति समितिबाट स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडको ७० कित्ता शेयर कित्ता कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई अनुमोदन प्रदान गर्ने ।

३. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सम्पन्न प्रारंम्भिक समझदारी पत्र अनुमोदन गर्ने तथा अन्तिम सम्झौता गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता DeokiBijay& Co, Chartered Accountantsश्री C.SDeo, FCAको नियुक्ति तथा पारिश्रमिक र प्राप्ति संम्बन्धि कार्यमा भए गरेका खर्चहरु अनुमोदन गर्ने ।

५. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिका सदस्य तथा प्रमुख कार्यकारी अधिकृत तथा निजहरुको कार्यकाल सम्बन्धमा ।

६. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरे पश्चात कायम हुने चुक्ता पुँजीको आधारमा १:१ (शतप्रतिशत) हकप्रद शेयर जारी गर्न प्रस्ताव गर्ने ।

७. वित्तीय संस्थाको अधिकृत, जारी तथाचुक्ता पूंजीबृद्धी हुने हुँदा सो बमोजिम हुने गरी प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन गर्ने र सो सम्बन्धमा नियामक निकायवाट कुनै संशोधनवा थपघट गर्न आवश्यक देखी निर्देशन प्राप्त भएमा सो सम्बन्धी कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

८. प्राप्ति पछि वित्तीय संस्थाको नाम स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड ( SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LIMITED) रहने छ । संयुक्त कारोवार स्वरोजगार लघुवित्त वित्तीय संस्थाको केन्द्रिय कार्यालय बनेपा ५ काभ्रपलाञ्चोकबाट गरिनेछ र संयुक्त कारोवार पश्चात नेपाल राष्ट बैंकको स्विकृति लिई वित्तीय संस्थाको केन्द्रिय कार्यालय नागार्जुन नगरपालीका वार्ड नं ४ काठमाण्डौमा स्थानान्तरण गर्ने र सोहि वमोजिंम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारीत गर्ने ।

९. उपयुक्त अन्य लघुवित्त संस्थाहरु संग गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१०. उल्लेखित प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ख) विविध ।

## ५. सभाको वैधानिकता, अध्यक्षता तथा उद्‌घाटन

५.१ स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या बांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान वमोजिंम लघुवित्त वित्तीय संस्थाको विशेष साधारण सभामा राखिएको शेयरधनीको हाजिरी जनाउने शेयरधनीहरुको संख्या २७६ भएको र कूल १८,३९,०६७ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५३.८३ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानुन अनुसार तथा संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि वढाउन सकिने ब्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२) कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको कम्पनी सचिवले जानकारी गराए पछि विहान ११:०० वजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा अन्य ६ जना संचालकज्यूहरुको उपस्थितिमा विशेष साधारण सभा शुरु भयो ।

५.३) सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण समाप्त भए पश्चात सभाको उद्घाटन सभाका अध्यक्ष तथा यस संस्थाका संचालक समितिका अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

५.४) सभामा संचालक समितिका सदस्य श्री राम बाबु सिलवालज्यूले संम्पुर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै स्वागत मन्तब्य राख्नु भयो ।

**६. विशेष साधारण सभामा अध्यक्षज्यूको मन्तब्य प्रस्तुत :**

विशेष साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट मन्तब्य प्रस्तुत गर्ने क्रममा सम्पुर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको तर्फबाट यस विशेष साधारण राख्नुको उद्धेश्य, जनकपुर लघुवित्त वित्तीय संस्थालाई गाभ्ने क्रममा ध्यान पुर्‍याउन खोजिएका विषयबस्तुहरु, प्राप्ती पछि देखिन सक्ने चुनौतीहरुको विषयमा तथा आर्थिक वर्ष २०७६/७७ सम्मको अपरिस्कृत प्रगति विवरणहरु प्रस्तुत गर्नु भएको थियो । यस क्रममा आ.व. २०७६/७७ मा विश्वब्यापी रुपमा देखिएको कोभिड १९ को जोखिमको बावजुद यस वित्तीय संस्थाले गरेका कामको बारेमा संक्षेपमा प्रकाश पार्नु भयो ।

**७. अध्यक्षज्यूको मन्तब्य उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

**७.१ शेयरधनी श्री उदयराज खतिवडाज्यूले** आगामी दिनमा ठूला संस्थाहरु संग मर्जर गर्दा राम्रो हुने सल्लाह दिनु भयो । संस्थाको खराब कर्जाको अनुपात बढेर गएकोले सो नियन्त्रण गर्न लाग्नु पर्ने समेत सुझाव दिनु भयो ।

**७.२ शेयरधनी श्री रोशन सुवेदीज्यूले** आगामी दिनमा संस्थाहरु संग एक आपसमा मर्जरमा जांदा अझ व्यापक रुपमा छलफल गरि अगाडि बढ्न सुझाव दिनु भयो । नेपाल राष्ट्र बैंकले हालै जारी गरेको मौद्रिक नितीको विषयमा चर्चा गर्नु भयो । मौद्रिक नितीले प्रभाव पर्न सक्ने भएकोले आगामी दिनमा विशेष ध्यान दिएर अघि बढ्न सुझाव दिनु भयो ।

**७.३ शेयरधनी दिपक निधि तिवारीज्यूले** नेपाल राष्ट्र बैंकले हालै जारी गरेको मौद्रिक नितीले तोकेको १५ प्रतिशत ब्याजदरमा ऋण लगानी गर्नु चुनौती रहेको वताउनु भयो । साना साना संस्था गाभिनुको विकल्प नरहेको समेत जानकारी गराउनु भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

७.४ शेयरधनी श्री **उद्धव प्रसाद घिमिरे**ज्यूले मन्तव्य राख्दै प्रतिफल राम्रो दिन सक्ने देखिएको छ भन्नुभयो । त्यसको लागि संचालक, कर्मचारी सबैलाई धन्यवाद दिनु भयो । एनएफआरएस को फरम्याटमा रिपोर्ट तयार गर्दा राम्रो हुन्छ भन्ने सुझाव दिनु भयो । संस्थाका मर्जर समितिका संयोजक श्री होम कान्त चौंलागाईज्यूलाई शेयर आदान प्रदान दर १०० वरावर ७० कित्ता दिएकोमा धन्यवाद दिनु भयो । लघुवित्तका राम्रा अभ्यासहरुलाई अगांलेर अगाडि वढ्नु पर्छ भन्ने सल्लाह दिदैं यस वित्तीय संस्थाले आगामी दिनमा अझ राम्रो गर्न सकोस भन्ने शुभकामना दिनु भयो ।

७.५ शेयरधनी **श्री शिव प्रसाद पौडेल**ज्यूले यस वित्तीय संस्थाले जनकपुर लघुवित्त वित्तीय संस्थालाई शेयर आदान प्रदान दर १०० वरावर ७० कित्ता दिएकोमा खुशी लाग्यो । एफ पि ओ पाईन्छ कि पाईदैन । खर्चमा मितव्ययिता अपनाउनु होला खादा फुल गुच्छामा पैसा खर्च नगर्दा राम्रो हुन्छ । कर्मचारीलाई आवश्यक खर्च वाहेक अन्य खर्च कटौती गर्दा राम्रो हुने सल्लाह दिनुभयो ।

७.६ शेयरधनी श्री **डमरु वल्लभ घिमिरे**ज्यूले मन्तव्य राख्दै नयां नयां संस्थाहरुले १:१ मागी रहेको अवस्थामा शेयर आदान प्रदान दर १०० वरावर ७० कित्ता दिएकोमा राम्रो लागेको वताउनु भयो । एफ पि ओ पाईन्छ कि पाईदैन अध्यक्षज्यूले प्रष्ट पारी दिनुहुन अनुरोध छ । साधारण सभामा केहि ढिला गरि ५० प्रतिशत पुग्दा यसमा सुधार गर्न सुझाव दिनु भयो ।

७.७ **शेयरधनी श्री ईन्द्र कृष्ण श्रेष्ठज्यूले** यस वित्तीय संस्थाले शेयरधनीहरुलाई राम्रो नै प्रतिफल दिएको भनि खुशी ब्यक्त गर्नु भयो । विशेष साधारण सभाको सूचना मोवाइलहरुमा पठाउने ब्यवस्था मिलाउनु पर्ने धारणा राख्नुभयो । त्यसै गरि नेपाल राष्ट्र बैकबाट हालै प्रकाशित मौद्रिक नितीले सवै लगानीकर्ताहरुलाई भरोसा प्रदान गरेकोले नेपाल राष्ट्र बैकका गभर्नर श्री महा प्रसाद अधिकारी ज्यू प्रति आभार प्रकट गर्नु भयो । यस अघिको विशेष साधारण सभा बनेपामा राख्नु भएकोले वुझ्न नपाएको र आगामी दिनमा वित्तीय संस्थाको साधारण सभा काठमण्डौमा नै गर्नु हुन अनुरोध समेत गर्नु भयो ।

**८. सभामा शेयरधनी हरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :**

यसरी ७ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा भाग लिनु भयो तथा वंहाहरुले आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो । यसरी वंहाहरुले राख्नु भएको जिज्ञासा उपर यस संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह सुझावहरुलाई मनन गर्दै संस्थालाई अगाडि वढाउने वताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासा उपर वुंदागत रुपमा जवाफ दिनु भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

९. सभाका निर्णयहरु :

१) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति एक्विजिशन) गर्ने संम्बन्धमा संचालक समितिको तर्फबाट सभामा प्रस्तुत अध्यक्षज्यूको प्रतिवेदन छलफल गरी पारीत गर्ने निर्णय गरियो ।

२) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिशन) गर्ने प्रयोजनका लागि मूल्यांकनकर्ताबाट चल-अचल सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी प्राप्त प्रतिवेदन (Due Dilligence Audit-DDA) को आधारमा र दुवै संस्थाको संचालक समितिको आपसी समझदारीको आधारमा संयुक्त प्राप्ति समितिबाट स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडको ७० कित्ता शेयर कित्ता कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) संम्बन्धि प्रस्तावलाई सभामा अनुमोदनको लागि पेश गरिएकोमा स्विकृति प्रदान गर्ने निर्णय गरियो ।

३) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति एक्विजिशन) गर्ने सम्बन्धमा सम्पन्न प्रारंम्भिक समझदारी पत्र अनुमोदन गर्ने निर्णय गरियो तथा अन्तिम सम्झौता गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा पेश गर्दा अन्तिम सम्झौता गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता Deoki Bijay & Co, Chartered Accountants श्री C.SDeo, FCA को नियुक्ति सभाबाट अनुमोदन गर्ने निर्णय गरियो । त्यसैगरि प्राप्ति सम्बन्धि कार्यका लागि सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता लाई दिने भनि निर्णय गरिएको पारिश्रमिक रु. १,५०,०००/- ( अक्षेरुपी, एक लाख पचास हजार मात्र) र प्राप्ति संम्बन्धि बैठक खर्च रु. ५८,०००/- (अक्षेरुपी, अन्ठाउन्न हजार रुपैया मात्र), र खाजा खर्च रु. २,०७३/- (अक्षेरुपी, दुई हजार त्रिहत्तर रुपैयां मात्र) समेत कुल खर्च रु. २,१०,०७३/-( अक्षेरुपी, दुई लाख दश हजार त्रिहत्तर रुपैंया मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

५) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिशन) गरे पश्चात स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिका सदस्य तथा प्रमुख कार्यकारी अधिकृतको बांकी कार्यकाल पुरा गर्न सकिने प्रस्ताव सभामा पेश हुंदा सर्वसम्मत रुपमा पारीत गरियो ।

६) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरे पश्चात कायम हुने चुक्ता पुँजीको आधारमा १:१ (शतप्रतिशत) हकप्रद शेयर जारी गर्ने प्रस्ताव सभामा पेश गर्दा सर्वसम्मतीबाट सभाले पारीत गर्ने निर्णय गरियो ।

७) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूंजी बृद्धी हुने हुँदा सो बमोजिम हुने गरी प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुंदा सभाबाट यस संम्बन्धमा निर्णय लिन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । त्यसैगरि नियामक



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

निकायबाट कुनै संशोधन वा थपघट गर्न आवश्यक देखी निर्देशन प्राप्त भएमा सो सम्बन्धी कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभाबाट गरियो ।
८) प्राप्ति पछि वित्तीय संस्थाको नाम स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड ( SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LIMITED) रहने निर्णय गरियो । संयुक्त कारोवार स्वरोजगार लघुवित्त वित्तीय संस्थाको केन्द्रिय कार्यालय बनेपा-५, काभ्रेपलाञ्चोकबाट गरिने तथा संयुक्त कारोवार पश्चात नेपाल राष्ट्र बैंकको स्विकृति लिई वित्तीय संस्थाको केन्द्रिय कार्यालय नागार्जुन नगरपालीका वार्ड नं-४, काठमाण्डौमा स्थानान्तरण गर्ने र सोहि वमोजिंम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश गरिंदा सभाबाट पारीत गर्ने निर्णय गरियो ।
९) अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु संग गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश हुंदा सभाबाट संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।
१०) प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।
ख) विविध अन्तर्गत अन्य छलफलका लागि अन्य विषयहरु नभएकोले सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

यस विशेष साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्थाको विशेष साधारण सभालाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनु हुंदै सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

..............................
श्री मनोज कृष्ण उप्रेती
कम्पनी सचिव

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.
स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.
बनेपा, २०६६
Banepa, 2009

..............................
श्री ज्ञानिन्द्र प्रसाद पाण्डे
अध्यक्ष